प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं.१
विराटनगर, नेपाल

# प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
# प्रदेश नं.१, विराटनगर(नेपाल)

सिंघीया खोलो संरक्षण तथा सफाई अभियान २०७६को सम्बन्धमा सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१ द्वारा जारी प्रेस विज्ञप्ती

**" सिंघीया खोलोको सफाई अभियान, हामी सबैको शान "** भन्ने मुल नाराका साथ सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१, विराटनगर महानगरपालिका, कटहरी गाउँपालिका, बुढीगंगा गाउँपालिका, जहदा गाउँपालिका, ग्रामथान गाउँपालिकाको संयुक्त सहकार्य र साझेदारीमा सिंघीया खोलो संरक्षण तथा सफाई अभियान २०७६को शुभारम्भ स्वरूप यही मिति २०७६ साल मंसिर २१ गते विहान ७:३०बजे देखी पुष्पलाल चोक पूर्व घिनाघाटबाट खोलोको सफाई अभियान शुरू गरिने व्यहोरा जानकारी गराउन चाहन्छौं ।
यो सफाई अभियान सरकारी तथा गैरसरकारी क्षेत्र, निजी क्षेत्र, निजी प्रतिष्ठान, संचार जगत, सुरक्षा निकाय, टोल संगठन, स्वास्थ्य क्षेत्र, सामाजिक संघ संस्था, सफाई क्षेत्रमा लागेका संघ संस्था तथा सामाजिक अभियन्ता, राजनैतिक दल तथा राजनैतिक दल सम्बद्ध युवा संघ संगठन, शैक्षिक क्षेत्र, विद्यार्थी समुदाय लगायत सम्पुर्ण सरोकारवाला क्षेत्रको सामुहिक सहभागीतामा निरन्तर संचालन गरिने कार्यक्रम रहेको छ । यसका लागि सरोकारवाला सम्पूर्ण क्षेत्रसँग छलफल गरी कार्ययोजना समेत तयार भईरहेको छ र उक्त कार्यका लागि सबै क्षेत्रबाट प्रतिवद्धता समेत प्राप्त भैरहेका छन् ।

यस अभियानलाई अघी बढाउनका लागि २२४ सदस्यीय मूल समिति बनेको छ जसमध्येबाट सामाजिक विकास मन्त्रीज्यू संयोजक तथा विराटनगर महानगरपालिकाको प्रमुखज्यू सह संयोजक रहने, जिल्ला समन्वय समिति मोरङका प्रमुख, विराटनगर महानगरपालिकाका उपप्रमुख, बुढीगंगा गाउँपालिका, जहदा गाउँपालिका, कटहरी गाउँपालिका, ग्रामथान गाउँपालिकाका अध्यक्षहरू, सामाजिक विकास मन्त्रालयका सचिव, विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत, विराटनगर महानगरपालिका वार्ड नं.१,२,७,८,१४,१८,१९, बुढीगंगा गाउँपालिका वार्ड नं.१, जहदा गाउँपालिका वार्ड नं.१,२, कटहरी गाउँपालिका वार्ड नं.१,२,३, वडा अध्यक्षहरू, राजनैतिक दलका प्रतिनिधी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल, उद्योग संगठन, मोरङ व्यापार संघ, एन.जि.ओ फेडेरेशन, लायन्स क्लब, पत्रकार महासंघ मोरङ, परोपकार अभियान समूह, रहने गरी कार्यान्वयन समिति र प्रशासनिक कार्यका लागि सामाजिक विकास मन्त्रालयका सचिवज्यू संयोजक रहने गरी १२ सदस्यीय सचिवालय समिति बनेको छ साथै खोलाको सिमाङ्कन तथा ऐलानी र पर्ती जग्गा पहिचानका लागि नापी कार्यालय,मोरङको अधिकृतको संयोजकत्वमा उल्लिखित स्थानीय तहका अमिनहरू सदस्य रहने गरी ६ सदस्यीय सीमाङ्कन तथा नापजाँच समिति बनेको छ ।

यसै गरी यस सफाई अभियानमा सक्रिय सहभागीता र सहयोगका लागि पुष्पलाल चौक, विराटनगर महानगरपालिका वार्ड नं.१,२,र ७, लाइन्स क्लब,विराटनगर, राजनैतिक दलका यूवा संघ संगठन, विभिन्न सामाजिक संघ संस्था लगायत सरोकारवाला क्षेत्रको सहभागीतामा सफाई अभियान सहयोग समिति बनेको छ भने विराटनरगर महानगरपालिका वाड नं.८ र कटहरी गाउँपालिका १ र २को सहयोग समिति भोली मिति २०७६/८/२०मा बन्ने भएको छ ।

साथै मिति २०७६/०८/२१ गते को सफाई अभियानका लागि स्रोत साधन तथा अन्य आवश्यक व्यवस्थापन तपसिलका निकायबाट हुने भएको व्यहोरा समेत सहर्ष जानकारी गराउन चाहन्छौं ।

| सि.नं. | निकाय/कार्यालय | सामग्रीको विवरण | अन्य व्यवस्थापन |
|---|---|---|---|
| १ | सामाजिक विकास मन्त्रालय,प्रदेश नं.१ | गम्बुट- १७०जोर<br>डोको- १००थान<br>माक्स- १५००पिस<br>डिस्पोजेवल पञ्जा- ५००पिस | खानेपानी व्यवस्थापन<br>माइक/स्पिकर व्यवस्थापन<br>भिडियोग्राफी तथा फोटोग्राफीको व्यवस्थापन |
| २ | विराटनगर महानगरपालिका, | एप्रोन- ७००थान<br>फोहोर तान्ने काटाँ- १००थान<br>वेल्चा- २०थान<br>दविया- २०थान<br>कचिया- ५०थान<br>फोरूवा- २०थान<br>डस्विन- २०थान<br>डोरी- २०पिस | विभिन्न संचार माध्यम(टेलिभिजन,रेडियो,एफ एम, सामाजिक संजाल, बल्क एस एम एस ,माइकिङ लगायत) बाट सफाई अभियानको प्रचारप्रसार गर्ने।<br>साथै फोहोर संकलन गरी व्यवस्थापन गर्ने कार्यका लागि फोहोर उठाउने सवारी साधनको व्यवस्थापन गर्ने । |
| ३ | कटहरी गाउँपालिका | गम्बुट- २००जोर<br>लामो पञ्जा- ६००जोर | |
| ४ | बुढीगंगा गाउँपालिका | गम्बुट- ६५जोर | |
| ५ | जहदा गाउँपालिका | फोहर तांन्ने काटा- ५०थान | |
| ६ | ग्रामथान गाउँपालिका | गम्बुट- ६५जोर | |

सिंघीया खोलोको संरक्षण तथा सफाई अभियान शुभारम्भ तथा निरन्तरतामा हामी सबै व्यक्ति, सबै संघ संस्था, मन्त्रालय, निकाय, संचार जगत लगायत सरोकारवाला सम्पुर्णको भूमिका तथा दायित्व हुने भएकाले मन्त्रालय सबैसँग सहयोग तथा सुझावको अपेक्षा राख्दै अभियानको सफलता र निरन्तरताको लागि हार्दिक अपिल गर्दछ ।

धन्यवाद ।

गणेश प्रसाद अधिकारी

नि.सचिव

निमित्त सचिव

मिति २०७६साल मंसिर १९ गते विहिवार